ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.n

१ नं. प्रदेश, नेपाल


प.सः-०७५/०७६
च.नं.:- १६०

मिति : २०७५ भाद्र २८ गते

**श्री सबै शैक्षिक संस्थाहरु**
**ऐसेलुखर्क गाउँपालिका**
**ऐसेलुखर्क , खोटाङ ।**

विषय : ध्यानाकर्षण सम्बन्धमा ।

स्थानीय सरकार गठन भै स्थानीय तहबाटै राज्यले उपलब्ध गराउँने सेवा सुबिधाहरु प्रवाह भएको पनि एक वर्ष बितिसकेको छ । यो एक वर्षे कार्यकालमा ऐसेलुखर्क गाउँ पालिकाले शिक्षा, स्वास्थ्य,सूचना,सञ्चार,यातायात तथा भौतिक निर्माणका क्षेत्रमा उपलव्ध स्रोत र साधनलाई अधिकतम प्रयोग गर्दै पूर्वाधार निर्माणको जग खडा गरेको गाउँ कार्यपालिकाको ठम्याइ छ । आगामी दिनहरुमा समेत आम ऐसेलुखर्कबासीको रचनात्मक सुझाव र सल्लाहलाई शिरोधार्य गरी समग्र ऐसेलुखर्कको विकासमा लागी पर्न गाउँपालिका प्रतिवद्ध छ । शिक्षा विकासको महत्वपूर्ण पूर्वाधार हो शिक्षाको समुचित विकासले मात्र समून्नत समाजको परिकल्पना संभव छ , वर्तमान अवस्थामा अधो गति उन्मूख हाम्रा सामूदायिक विद्यालयको खस्कँदो शैक्षिक गुणस्तरमा सुधार ल्याउँन हाल गाउँकार्यपालिकाको कार्यालयले अप्रत्यक्ष मोटिभेसनको सिद्धान्त अवलम्बन गर्दै विद्यालयको मौजुदा उपलव्धिको विष्लेषण र प्रकाशन, विद्यार्थी केन्द्रित अतिरिक्त क्रियाकलाप,शिक्षक विद्यार्थी पुरस्कार, विज्ञान प्रदर्शनी आदिजस्ता कार्यक्रमका लागि बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्दै र गर्ने क्रममा छ । आफ्नो लक्ष्यमा पुग्न यस कार्यालय र अन्तर्गतका विषयगत शाखाहरुद्वारा प्रवाह गरिने सेवा सुविधामा चुस्तता तथा पारदर्शिता हुनु पर्ने कुरामा गाउँ कार्यपालिका सदैब सचेत छ र विषयगत शाखाहरु पनि सोही अनुसार निर्देर्शित भएकोमा विश्वस्त पनि छ । गाउँ कार्यपालिका र यस अन्तर्गतका शाखाहरुको सूचना प्रवाह प्रभावकारी रहून भन्नाका खातिर सोही दिन वेभ पेजमार्फत सम्प्रेषण गर्ने र हार्डकपिसमेत प्रेषित गर्ने कार्य गाउँ कार्यपालिकाले गर्दै आएको छ। यसो हुँदा हुँदै पनि केही विद्यालयहरुले समयमा सूचना प्राप्त नभएको वाहनामा तोकिएको समय सीमाभित्र मागेको विवरण उपलब्ध नगराउँने, गाउँ कार्यपालिका शिक्षा शाखा मार्फत सञ्चालित कार्यक्रमहरुमा सहभागिता नजनाउने सम्मका हर्कत गर्ने प्रयास गर्न खोजेकोमा गाउँ कार्यपालिकाको कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । सेवा प्रदान गर्नु र दैनिक कार्य सञ्चालन गर्नुमात्र कार्यालयकोको जिम्मेवारी नभएर सेवाग्राही व्यक्ति वा संस्थाको कार्य दक्षता र कार्य कुशलताको निरीक्षण अनुगमन र मूल्याङ्कनसमेत गर्ने जिम्मेवारी कार्यालयमा रहेको हुँदा मूल्याङ्कनका आधारमा प्रदान गरिने सेवाबाट विमुख हुने सम्मका गतिविधि नगर्न नगराउन सम्बन्धित विद्यालयहरु एवं सरोकारवालाको ध्यानाकर्षण गराइन्छ ।

२०७५।०५।२८

(जीवन निरौला)
प्रमुख प्रशासकीय अधिकृत